# सुनिलस्मृति गाउँपालिका
# ज्येष्ठ नागरिक क्लव गठन तथा सञ्चालन कार्यविधि, २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :-२०७७/०६/०४

**सुनिल स्मृति गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सुलिचौर, रोल्पा,**
**प्रदेश नं ५,नेपाल**

**प्रस्तावना :**

समाजको समग्र विकासमा ज्येष्ठ नागरिकहरुको भूमिका महत्वपूर्ण रहेको छ । जीवनका महत्वपूर्ण समय समाजका हरेक क्षेत्रमा सेवा गरेका ज्येष्ठ नागरिकहरुबाट टोल समुदाय, वडा, गाउँपालिका र समग्र देशले नै निरन्तर सामाजिक कार्यमा सहयोग लिनु र समाज सेवामा सक्रिय सहभागिता गर्नु सान्दर्भिक हुन्छ । सामाजिक समावेशीकरणका सन्दर्भमा समाजमा ठूलो संख्यामा रहेका ज्येष्ठ नागरिकहरुको हित प्रवर्द्धन गर्ने अभिप्रायले ज्येष्ठ नागरिकहरुकै सहभागितामा वडा/वडामा ज्येष्ठ नागरिक क्लव र गाउँपालिका स्तरमा ज्येष्ठ नागरिक सञ्जाल गठन गरी कार्य सञ्चालन गर्न आवश्यक देखिएको छ । यसै सन्दर्भमा गाउँपालिकाद्वारा सञ्चालन गरिने कार्यक्रम र प्रवाह गरिने सेवामा ज्येष्ठ नागरिकहरुको भूमिका सहित परिचालन गर्न संस्थागत रुपमा विकास गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा १०२ बमोजिम यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम "ज्येष्ठ नागरिक क्लव गठन तथा सञ्चालन कार्यविधि २०७७" रहनेछ ।

(ख) यो कार्यविधि सुनिलस्मृति गाउँपालिकाको कार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**1. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले सुनिलस्मृति गाउँपालिकालाई सम्झनु पर्नेछ ।

ख) "वडा" भन्नाले गाउँपालिकाको वडालाई सम्झनु पर्दछ ।

(ग) "ज्येष्ठ नागरिक" भन्नाले ६० बर्ष उमेर पुरा भएको व्यक्तिलाई जनाउने छ ।

(घ) "क्लव" भन्नाले वडा स्तरमा गठन गरिएको ज्येष्ठ नागरिक क्लवलाई वुझाउने छ ।

(ङ) "सञ्जाल" भन्नाले ज्येष्ठ नागरिक क्लवहरुको सञ्जाललाई सम्झनु पर्दछ ।

(च) "शाखा" भन्नाले सुनिल स्मृति गाउँपालिकाको महिला तथा बालबालिका शाखालाई सम्झनु पर्दछ ।

(ट)"कार्यविधि" भन्नाले "ज्येष्ठ नागरिक क्लव गठन तथा सञ्चालन कार्यविधि २०७७" लाई सम्झनु पर्दछ ।

**2. कार्यविधिको उद्देश्यः**

यस कार्यविधिको मूलभूत उद्देश्य निम्नानुसार रहेको छ :

(क) ज्येष्ठ नागरिकको हक, हित र अधिकारको लागि पहल गर्ने ।

(ख) ज्येष्ठ नागरिकहरुको हित प्रवर्द्धन र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने ।

(ग) वडा तथा गाउँपालिका र अन्य सरोकारवाला संघ/संस्थाहरुसंग समन्वय गरी ज्येष्ठ नागरिकको हित प्रर्बद्धन गर्ने ।

(घ) सामाजिक विकास एवं सामाजिक परिचालनका क्षेत्रमा ज्येष्ठ नागरिकहरुलाई परिचालन गर्ने ।

(ङ) गाउँपालिका क्षेत्रमा रहेका ज्येष्ठ नागरिकहरुलाई संगठित गर्ने ।

(च) गाउँपालिका क्षेत्र भित्र रहेका ज्येष्ठ नागरिकहरुको सीप र अनुभवको पहिचान गर्ने र पुस्ता हस्तान्तरण गर्ने ।

(छ) ज्येष्ठ नागरिक लक्षित कार्यक्रम सञ्चालनका लागि समन्वय र पहल गर्ने ।

**3. कार्यविधिको कार्यान्वयन:**

कार्यविधिको कार्यान्वयन देहाय अनुसार हुनेछ :-

(क) वडा स्तरमा ज्येष्ठ नागरिक क्लव, मिलन केन्द्र तथा गाउँपालिका स्तरमा ज्येष्ठ नागरिक सञ्जाल गठन, व्यवस्थापन तथा सहजीकरणका लागि यस कार्यविधि बमोजिम गर्न गराउनु गाउँपालिकाको दायित्व हुनेछ ।

(ख) ज्येष्ठ नागरिक क्लव, मिलन केन्द्र तथा सञ्जाल गठन सहजीकरणका लागि यस कार्यविधिको प्रचार प्रसार गर्ने, सहयोग, समन्वय तथा सहकार्य गर्ने यस क्षेत्रमा क्रियाशील संघ संस्थाहरुको दायित्व हुनेछ ।

## परिच्छेद २ : ज्येष्ठ नागरिक क्लव गठन प्रकृया

**4. ज्येष्ठ नागरिक क्लव गठन :**

(१)**ज्येष्ठ नागरिक क्लव :**ज्येष्ठ नागरिकका लागि ज्येष्ठ नागरिकहरु नै मिलेर गठन गरिएको सामान्य अवस्थामा ज्येष्ठ नागरिकहरु भेला भई ज्येष्ठ नागरिकहरुको हक हित संरक्षणका लागि गठन गरिएको समुहलाई नै ज्येष्ठ नागरिक क्लव मानिनेछ ।

(२)एक वडामा एक ज्येष्ठ नागरिक क्लव रहनेछ ।

(क) सुनिल स्मृति गाउँपालिकाका सवै वडामा वसोवास गर्ने ज्येष्ठ नागरिकहरुको आ-आफ्नो वडाको भेलाबाट कम्तीमा ७ जनाको (१ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना सचिव, १ जना कोषाध्यक्ष र अन्य सदस्यहरु रहने गरी) एक ज्येष्ठ नागरिक क्लव गठन गरिने छ ।

(ख) क्लवको पदाधिकारी (मुख्य पद) हरु मध्ये एकजना महिला अनिवार्य हुनुपर्नेछ ।

(ग) क्लवको कार्यकाल २ वर्षको हुनेछ ।

(घ) क्लवको पदाधिकारीहरु एउटै पदमा लगातार २ कार्यकाल भन्दा बढी रहने छैनन् ।

(ङ) क्लवको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(च) क्लवको बैठकमा आवश्यकतानुसार अन्य संघ, संस्था, व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(छ) वार्षिक रुपमा साधारणसभा गरिनेछ ।

**5. ज्येष्ठ नागरिक क्लवको काम, कर्तव्य र अधिकार :**

(क) ज्येष्ठ नागरिक क्लवले ज्येष्ठ नागरिकहरुको हक हित संरक्षण र आध्यात्मिक जागरणको पक्षमा काम गर्नेछ ।

(ख) आफ्नो वडा भित्रका सबै ज्येष्ठ नागरिकहरुलाई संगठित गरि एक आपसमा जातीय, लैंगिक समानता र सदभाव कायम गर्नेछ ।

(ग) ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालन गर्न आवश्यक सहयोग र समन्वय गर्नेछ ।

(घ) ज्येष्ठ नागरिकहरुको पारिवारिक संरक्षण, सुरक्षा र स्वास्थ्य उपचारका लागि आवश्यक समन्वय र परामर्श गर्नेछ ।

(ङ) वडाका कुनै ज्येष्ठ नागरिकमाथि परिवार र समुदायका व्यक्तिबाट हेला, हिंसा, दुर्व्यवहार भए गरेमा सो कार्य विरुद्ध आवाज उठाई निजको कानूनी सुरक्षाका लागि सहयोग गर्नेछ ।

(च) ज्येष्ठ नागरिकहरुको तथ्याङ्कका लागि वडा समितिलाई सहयोग गर्नेछ ।

(छ) ज्येष्ठ नागरिकहरुमा भएको सीप, योग्यता, क्षमता र अनुभवहरुलाई संकलन, पुस्ता हस्तान्तरण तथा अभिलेखीकरण गर्न पहल गर्नेछ ।

(ज)ज्येष्ठ नागरिक सम्बन्धी विषयमा वडा समितिलाई आवश्यक सुझाव सल्लाह दिनेछ ।

## 6. ज्येष्ठ नागरिक सञ्जाल गठन

(क) ज्येष्ठ नागरिकहरुको साझा समस्या तथा सवालहरु अझै संगठित रुपमा उठाउन, ज्येष्ठ नागरिक क्लवहरु बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न ज्येष्ठ नागरिक सञ्जालको गठन गरिनेछ ।

(ख) ज्येष्ठ नागरिक सञ्जाल गाउँपालिका स्तरमा गठन गरिनेछ ।

(ग) ज्येष्ठ नागरिक सञ्जाल गठन गर्नका लागि गाउँपालिका तहमा ज्येष्ठ नागरिक क्लवहरुको प्रतिनिधि भेलाको आयोजना गरिनेछ ।

## 7. ज्येष्ठ नागरिक सञ्जाल गठन विधि :

क) सुनिल स्मृति गाउँपालिकाका सवै वडामा गठित ज्येष्ठ नागरिक क्लवहरुको भेलाबाट९ देखि ११ सदस्यीय सञ्जाल गठन हुनेछ ।

| | |
|---|---|
| संरक्षक : | गाउँपालिका अध्यक्ष |
| संयोजक : | १ जना |
| सह-संयोजक : | १ जना |
| सचिव : | १ जना |
| सह-सचिव : | १ जना |
| सदस्यहरु : | बाँकी सबै सदस्यहरु |

ख) समन्वय समितिका निर्वाचित पदाधिकारीहरु र सदस्यहरुको कार्यकाल २ वर्षको हुनेछ ।

ग) सञ्जालको नियमित बैठक ३/३ महिनामा वा आवश्यकता अनुसार वस्नेछ ।

घ) सञ्जालको बैठकमा गाउँपालिकाको सम्बन्धित समितिका संयोजक, कार्यालय प्रमुख र सम्बन्धित शाखाको प्रमुखलाई आमन्त्रण गर्नसकिनेछ ।

ङ) सञ्जालको वार्षिक रुपमा साधारणसभा गरिनेछ ।

## 8. सञ्जालको काम, कर्तव्य र अधिकार :

(क) ज्येष्ठ नागरिक क्लव मार्फत प्राप्त भएका र गाउँपालिका स्तरीय कार्यक्रमहरु समेत ज्येष्ठ नागरिकहरुको हित प्रवर्द्धन र अभिवृद्धि गर्ने कार्यक्रम गाउँ

विकास योजनामा समावेश गर्न सिफारिश गर्ने र सुनिल स्मृति गाउँपालिकाको सहभागितात्मक योजना पद्धतिमा सहयोग तथा समन्वय गर्ने,

(ख) समुदायमा आधारित सामाजिक तथा सामुदायिक भावना अघि बढाउन समन्वय समितिले समन्वयात्मक भुमिका निर्वाह गर्ने,

(ग) ज्येष्ठ नागरिकहरुको परिचय पत्र वितरण तथा तथ्याङ्क व्यवस्थापन लगायत ज्येष्ठ नागरिक सम्बन्धी विषयमा गाउँपालिकालाई आवश्यक सहयोग गर्ने,

(घ)गाउँपालिका क्षेत्र भित्रका ज्येष्ठ नागरिकहरुको सीप, योग्यता, क्षमता र अनुभवको आधारमा वर्गिकृत विवरण वनाउन पहल गर्ने,

ङ) एक वडा एक ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना र सञ्चालनका लागि आवश्यक सुझाव सल्लाह दिने र समन्वय गर्ने ।

**9. ज्येष्ठ नागरिक मिलन केन्द्र :**

गाउँपालिकाले निर्धारण गरेको नीति, कार्यक्रम र मापदण्डको आधारमा प्रत्येक वडाको टोलमा आवश्यकता अनुसार ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गरिनेछ ।

**10. ज्येष्ठ नागरिक मिलन केन्द्र स्थान छनौट :**

ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थान छनौट गर्दा देहायका आधारहरु पुरा गरेको हुनुपर्नेछ :–

(क) ज्येष्ठ नागरिक मिलन केन्द्र दैवी प्रकोप तथा आपतकालीन अवस्थामा उद्धार तथा दैनिक रुपमा सवारी साधन, एम्वुलेन्स, दमकलका सेवाहरुको सहज पहुँच भएको,

(ख)बिजुली, पानी र टेलिफोनको सुविधा भएको,

(ग) प्राकृतिक मनोरम तथा खुला स्थल भएको,

(घ) प्राकृतिक प्रकोपबाट हुने खतरा देखि टाढाको स्थल,

(ङ) केन्द्र स्थापना गरिएको स्थलबाट कम्तिमा ५ कि.मि. भित्र स्वास्थ्य सेवा उपलव्ध हुन सक्ने व्यवस्था भएको,

(च) सकभर सबैलाई पायक पर्ने केन्द्र हुनुपर्ने,

(ज) सम्भव भएसम्म नजिकमा धार्मिक आस्थाका पवित्र तीर्थस्थल, नदी, मन्दिर आदि भएको आदि ।

**11. ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालक समिति गठन :**

क) ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालनको लागि ७ देखि ११ सदस्यीय एक सञ्चालक समिति गठनहुनेछ ।

| | |
|---|---|
| संरक्षक : | वडा अध्यक्ष |
| संयोजक : | १ जना |
| सचिव : | १ जना |
| कोषाध्यक्ष : | १ जना |
| सदस्यहरु : | बाँकी सबै सदस्यहरु |

**12. ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालन र व्यवस्थापन सम्वन्धी व्यवस्था :**

ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालन एवं व्यवस्थापन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) ज्येष्ठ नागरिकहरुको रुची र चाहना अनुसार सामाजिक, सांस्कृतिक, भौगोलिक, धार्मिक तथा साहित्यिक पुस्तक, गीत, कविता, कथा, भजन सम्वन्धी पुस्तकहरुको व्यवस्था मिलाउने,

(ख) बाद्यवादनका सामग्रीहरु (मादल, हारमोनियम, खैंचडी, तबला इत्यादी)को व्यवस्था गर्ने,

(ग) केन्द्रमा बस्ने व्यवस्थाका लागि चकटी, कुर्सी, कार्पेट आदिको व्यवस्था गर्ने,

(घ) दिउँसोको समयमा खाजा र स्वच्छ खानेपानीको व्यवस्था मिलाउने,

(ङ) मनोरञ्जनका लागि टेलिभिजन, मौसम अनुसार हिटर र पंखाको व्यवस्था गर्ने,

(च) ज्येष्ठ नागरिक मिलन केन्द्र भित्र खेल्ने खेलका लागि आवश्यक खेल सामग्रीहरुको व्यवस्था गर्ने,

(छ) ज्येष्ठ नागरिकहरुको आकस्मिक स्वास्थ्योपचारका लागि आवश्यक चिकित्सक तथा औषधीको व्यवस्था गर्ने,

(ज) ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान, सीप र अनुभवलाई पुस्ता हस्तान्तरण गर्ने जस्ता विषयहरुमा प्रवचन कार्यक्रमहरु संचालन गर्ने र सोको अभिलेख राख्ने,

(झ) खर्च भएर नजाने जिन्सी सामानहरु एक पटक खरिद गरेपछि पटक, पटक खरिद गर्न नपाइने ।

**13. साधारण सभाः**

१) ज्येष्ठ नागरिक क्लव तथा ज्येष्ठ नागरिक सञ्जालको साधारण सभा प्रत्येक वर्ष र २ वर्षमा अधिवेशन हुनेछ ।

२) साधारण सभामा देहाय अनुसारका प्रतिनिधिले साधारण सदस्यको हैसियत राख्नेछन् ।

क) क्लवको हकमा वडाका सबै ज्येष्ठ नागरिकहरु सदस्य रहनेछन् र सञ्जालको हकमा क्लवले खटाएका प्रतिनिधिहरु रहनेछन् ।

३) साधारण सभा कम्तिमा ६० प्रतिशत सदस्यहरुको उपस्थितिमा वर्षको एक पटक आयोजना गर्नुपर्नेछ । साधारण सभा सम्बन्धित समितिको सर्वोच्च निकाय हुनेछ ।

**14. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

(क) विगतको कार्य समिक्षा गर्ने र आगामी बर्षको लागि कार्यक्रम तय गर्ने साथै साधारण सभामा पेश भएका विषयहरुमा यथोचित सल्लाह दिने ।

(ख) पदाधिकारीको छनौट गरी (निर्वाचन वा सर्वसहमति मार्फत) अख्तियार प्रदान गर्ने,

(ग) उजुरी, पुनरावलोकन सुन्ने र निर्णय दिने,

(घ) आवश्यक परे कार्यगत समूह र सल्लाहकारको मनोनयन गर्ने,

(ङ) महत्वपूर्ण बिषयहरुमा निर्णय गर्ने,

(च) क्लव तथा सञ्जालको प्रभावकारी सञ्चालनको लागि नीति नियमहरुको निर्माण, संसोधन तथा परिमार्जन गर्ने ।

**15. विशेष साधारण सभा :**

क्लव/सञ्जालको हितलाई ध्यान राखि साधारण सभाको कुल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा अनुरोध गरेमा वढीमा १५ दिन भित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

**16. निर्वाचन सम्वन्धी व्यवस्था :**

क्लव तथा सञ्जाल समितिको छनौट गर्दा सर्वसम्मत पद्धति अवलम्वन गर्नु पर्नेछ । सर्व सम्मत हुन नसकेमा वहुमतका आधारमा निर्वाचन गर्न सकिनेछ ।

**17. आर्थिक व्यवस्थाः**

क्लव/सञ्जालको आर्थिक व्यवस्था देहाय बमोजिम हुनेछ :

१. गाउँपालिका वा वडावाट प्राप्त हुने रकम,

२. अन्य कुनै सरकारी, गैर सरकारी संघ सस्था, व्यक्तिवाट सहयोग स्वरुप प्राप्त हुने रकम,

३. कुनै क्रियाकलापद्वारा क्लव/सञ्जालका लागि संकलन गरिएको रकम,

४. श्रोत परिचालन वा रकम खर्च विधिः

क्लवको हकमा वडा कार्यालयको समन्वयमा र सञ्जालको हकमा सम्बन्धित शाखाको समन्वयमा गाउँपालिकाको स्वीकृति बमोजिम खर्च गर्नुपर्नेछ । समितिको छुट्टै खाता सञ्चालन गर्नुपरेमा संयोजक र सचिवको संयुक्त दस्तखतवाट सञ्चालन हुने गरी गाउँपालिकाको सिफारिसमा पायक पर्ने वैंकमा खाता खोलिनेछ ।

**18. सम्पत्ति तथा दायित्वः**

क) प्रचलित नियम कानूनमा व्यवस्था भए अनुसार समन्वय समितिको आफ्नो नाममा रहेको सम्पत्ति व्यक्ति सरह भोगचलन गर्न पाउनेछ । यसको बेचविखन वा अन्य स्वामित्व हस्तान्तरणको लागि सुनिलस्मृति गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।

ख) क्लव/सञ्जाल विघटन भएमा सो सम्पत्ति स्वतः गाउँपालिकाको स्वामित्वमा आउनेछ ।

**19. पूर्व स्वीकृति लिनु पर्ने**

यस कार्यविधिमा उल्लेखित कार्यहरु सञ्चालन गर्नु पूर्व सम्वन्धित निकायको अनुमति तथा स्वीकृति लिनु पर्ने भनी उल्लेख भएकोमा स्वीकृति लिएर मात्र सञ्चालन गर्नु पर्नेछ । स्वीकृति लिनु पर्नेमा नलिई कुनै कार्य गरेमा समितिका पदाधिकारीहरु पूर्ण रुपमा जवाफदेही हुनुपर्नेछ ।

**20. सूचिकृत गर्नु पर्ने**

ज्येष्ठ नागरिक क्लव सम्वन्धित वडा कार्यालयको सिफारिशमा सुनिल स्मृति गाउँपालिकामा सूचिकृत तथा वार्षिक रुपमा नवीकरण गर्नु पर्नेछ ।

**21. कार्यविधिको व्याख्या**

यो कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार सुनिलस्मृति गाउँपालिकामा निहित रहनेछ । यो कार्यविधिलाई सुनिलस्मृति गाउँपालिकाको गाउँ कार्यपालिकाले मात्र संसोधन गर्न सक्नेछ ।

**22. शपथ ग्रहण :**

क) क्लवका पदाधिकारीहरुको शपथ ग्रहण वडाध्यक्षवाट हुनेछ ।

ख) सञ्जालका पदाधिकारीहरुको शपथ ग्रहण गाउँपालिकाका अध्यक्ष वा उपाध्यक्षवाट हुनेछ ।

ग) शपथ ग्रहणको ढांचा अनुसूचि १ मा उल्लेख गरे बमोजिम हुनेछ ।

**23. खारेजी बचाउ :**

यस कार्यविधिमा लेखिएका कुराहरु यसै कार्यविधि बमोजिम हुनेछ र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछन् ।

## अनुसूचि १
## शपथ ग्रहणको नमूना

शपथको विवरण

यस ज्येष्ठ नागरिक क्लव/सञ्जाल समितिको पदाधिकारी म ................................ ले संस्थाको उद्देश्य प्राप्तिका लागि गरिने कार्यमा आफ्नो पदीय काम, कर्तव्य र अधिकारलाई इमान्दारीपूर्वक लगनशील भई आफ्नो क्षमताले पूरा गर्दै जानेछु भनी म नैतिक रुपमा शपथ लिन्छु ।

| शपथ ग्रहण गर्नेको | शपथ गराउनेको |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मितिः | मितिः |